# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, फागुन १९ गते २०५९ साल (अतिरिक्ताङ्क ८० (ख)

## भाग ३

श्री ५ को सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको सूचना

### राष्ट्रिय समाचार समिति (पाँचौं संशोधन) नियमावली, २०५९

राष्ट्रिय समाचार समिति नियमावली, २०४१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: यी नियमहरूको नाम "राष्ट्रिय समाचार समिति (पाँचौं संशोधन) नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय समाचार समिति नियमावली, २०४१ को नियम ३२ मा संशोधन: राष्ट्रिय समाचार समिति नियमावली, २०४१ को नियम ३२ को उपनियम (१) मा रहेका " वा सेवा अवधि ३० वर्ष पूरा भएपछि" भन्ने शब्दहरू झिकिएका छन् ।

आज्ञाले,
मुकुन्द शर्मा पौड्याल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।